महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष :- ५ अङ्क :- १८ महिना :- साउन, २०७२

## हिंसामा महिला र बालबालिका

२०७२ को साउन महिनामा मुलुकभर महिला र बालबालिकामाथि १८ वटा हिंसाका घटना भएको अखबारहरुमा प्रकाशित छ । राष्ट्रिय दैनिकहरुको अनुगमन गरी तयार पारिएको आँकडामा महिला हिंसासम्बन्धी समाचार ११ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित ७ वटा घटनाका समाचार प्रकाशित छन् । प्रकाशित समाचारहरुमा महिला हत्या, बलात्कार, कुटपिट, घरेलु हिंसा, यौनजन्य हिंसासँग सम्बन्धित घटनाहरु रहेका छन् । त्यसैगरी बालबालिका सम्बन्धि घटनामा बालिका बलात्कृत भएको तथा आत्महत्याका समाचार प्रकाशित भएका छन् ।

नयाँ संविधानको प्रारम्भिक मस्यौदामा आफ्ना माग सम्बोधन नभएको भन्दै विभिन्न समूहहरुको देशका अधिकांश भागमा चक्काजाम, आन्दोलन तथा बन्द गर्ने जस्ता कार्यले गर्दा सर्वसाधारण पीडित भएका छन् । यसको प्रभाव महिला र बालबालिकाहरु बढी रहेको छ । आम नागरिकले मानवअधिकारको निर्वाध उपभोग गर्न पाएका छैनन् ।

साउन महिना सीमांकनका विषयलाई लिएर देशका विभिन्न ठाउँहरुमा हिंसात्मक घटनाहरु पनि भएका छन् । विशेष गरी तराईका जिल्ला तथा मध्यपश्चिमका जिल्लाहरुमा हिंसात्मक गतिविधिहरु भएका छन् । यसै सन्दर्भमा अखण्ड मध्यपश्चिमको माग गर्दै सुर्खेतमा भएको आन्दोलनका क्रममा प्रहरीले र आन्दोलनकारी बीच भएको झडपमा प्रहरीले गोली चलाउँदा २ जनाको मृत्यु भएको छ भने अर्का १ प्रर्दशनकारी झडपमा मारिएका छन् ।

**महिला :-**

साउन महिनामा ३ महिलाको हत्या भएको छ भने २ महिलाले आत्महत्या गर्ने प्रयास गरेका छन् । त्यसैगरी ३ महिला कुटपिटमा परेका छन् । बलात्कारको शिकारमा २ महिला परेकी छन् । त्यस्तै घर निकालाबाट १ महिला पीडित रहेको समाचार प्रकाशित भएको छ ।




**बालबालिका :-**

त्यसैगरी १ बालिका उनको परिवार सहित आत्महत्या गरेकी छिन् । ५ बालिका बलात्कारको शिकार भएका छन् भने १ बालबालिका बलात्कार प्रयासबाट बच्न सफल भएकी छिन् ।



अखबारहरुका अनुसार साउनमा ३ जना हतियारजन्य हिंसाबाट प्रभावित भएका छन् । बन्दुक तथा अन्य हतियारको प्रयोगबाट भएको हिंसामा २ पुरुषको प्रहरीको गोलीबाट मृत्यु भएको छ, भने एक पुरुष प्रहरी र प्रदर्शनकारी बीचको झडपमा मारिएका छन् । दर्जनौको संख्यामा महिला, पुरुष तथा बालबालिका  प्रभावित भएको सञ्चार अनुगमनका क्रममा पाइएको छ ।

संघीयताबारे शीर्ष नेतृत्वमा भएको सहमतिमा मध्यपश्चिम टुक्रयाइएको भन्दै अखण्ड मध्यपश्चिमको मागसहित भएको आन्दोलनमा उक्त घटना भएको हो ।




हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल ३, मध्यमाञ्चल ११, पश्चिमाञ्चल ३ र मध्यपश्चिामाञ्चल १ रहेको देखिन्छ ।


जानकारीका लागि

**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपा (इह्रिकन )**

ज्वागल कुपण्डोल ललितपुर

फोन नं.  ०१-५०११२०४ मा सम्पर्क गर्नुहुन अनुरोध छ ।